# प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**(परीक्षा संचालन शाखा)**

## अधिकृतस्तर आठौं तहका प्राविधिक पदहरुको पुनः लिखित परीक्षाको परीक्षा केन्द्र तोकिएको सूचना

सूचना नं २२/०८२-८३, मिति २०८२।०६।२७

मिति २०८२ भाद्र २४ गते धनगढीमा युवापुस्ता (जेन-जी) को अगुवाईमा भएको विरोध प्रदर्शन तथा आन्दोलनको क्रममा यस आयोगमा आगजनी, तोडफोड र लुटपाट भई वि.नं. ५४०-५४७/०८१-८२ को मेडिकल अधिकृत, वि.नं. ५४८-५४९/०८१-८२ को डेन्टल सर्जन र वि.नं. ५५०-५५३/०८१-८२ को आयुर्वेद चिकित्सक पदको आयोगबाट लिइएका लिखित परीक्षामा उपस्थित उम्मेदवारहरुका परीक्षण गरिएका उत्तरपुस्तिकाहरु र उम्मेदवारहरुले प्राप्त गरेको अंक समेतका सम्बद्ध कागजात नष्ट भएकोले आयोगको मिति २०८२।०६।०८ को बैठकबाट आयोगको सूचना नं. ०७/०८२-८३, मिति २०८२/०५/०७ गते प्रकाशित मेडिकल अधिकृत, सूचना नं.०८/०८२-८३, मिति २०८२/०५/११ गते प्रकाशित डेन्टल सर्जन र सूचना नं. १०/०८२-८३, मिति २०८२/०५/१५ गते प्रकाशित आयुर्वेद चिकित्सक पदको लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी सूचना बमोजिम सामूहिक परीक्षण र अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुले मात्र सहभागी हुन पाउने गरी पुनः लिखित परीक्षा सञ्चालन गर्ने भनी निर्णय भइ यस आयोगको मिति २०८२।०६।०९ गते प्रकाशित सूचना नं १९/ ०८२-८३ बाट लिखित परीक्षा कार्यक्रम तोकिए बमोजिम उक्त पदहरुको लिखित परीक्षा तपसिलको मिति, समय र परीक्षा केन्द्रहरुमा संचालन हुने गरी तोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।साथै तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित नगराइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

# तपसिल

| क्र.सं. | बिज्ञापन नं | पद, सेवा, समूह र उपसमूह | तह | लिखित परीक्षा कार्यक्रम | | रोलनम्बर | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र बिहानको ८:०० बजे | द्वितिय पत्र समय दिनको २:००बजे | देखि | सम्म | | |
| १ | ५४०-५४७/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | ८ | २०८२।०७।१२ | २०८२।०७।१२ | सूचना नं ०७/०८२-८३ मिति २०८२।०५।०७ गतेको लिखित परीक्षाबाट सामूहिक परीक्षण र अन्तर्वार्ताका लागि छनौट भएका सबै उम्मेदवारहरु | | ४० | राष्ट्रिय तुलसीराम माध्यमिक विद्यालय उत्तरवेहडी, धनगढी, कैलाली |
| २ | ५४८-५४९/०८१-८२ | डेन्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री, जनरल डेन्टल | ८ | २०८२।०७।१२ | २०८२।०७।१२ | सूचना नं ०८/०८२-८३ मिति २०८२।०५।११ गतेको लिखित परीक्षाबाट सामूहिक परीक्षण र अन्तर्वार्ताका लागि छनौट भएका सबै उम्मेदवारहरु | | ६ | राष्ट्रिय तुलसीराम माध्यमिक विद्यालय उत्तरवेहडी, धनगढी, कैलाली |
| ३ | ५५०-५५३/०८१-८२ | आर्युवेद चिकित्सक, स्वास्थ्य, आर्युवेद, जनरल आर्युवेद | ८ | २०८२।०७।१२ | २०८२।०७।१२ | सूचना नं १०/०८२-८३ मिति २०८२।०५।१५ गतेको लिखित परीक्षाबाट सामूहिक परीक्षण र अन्तर्वार्ताका लागि छनौट भएका सबै उम्मेदवारहरु | | १२ | राष्ट्रिय तुलसीराम माध्यमिक विद्यालय उत्तरवेहडी, धनगढी, कैलाली |

**द्रष्टव्यः**

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेश पत्र ल्याउनु पर्नेछ । प्रवेश पत्र विना परीक्षामा सम्मिलित गराइने छैन ।

२. परीक्षार्थीले प्रवेशपत्रका साथै नागरिकताको प्रमाणपत्र वा सरकारी निकायले जारी गरेको फोटो सहितको परिचय खुल्ने कागजात साथमा लिई परीक्षा संचालन हुनु भन्दा कम्तिमा १ घण्टा अगावै परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।

३. परीक्षा हल भित्र झोला, किताब, कापी, कागजपत्र, मोबाइल, स्मार्ट घडी तथा विद्युतीय उपकरण निषेध गरिएको छ ।

४. परीक्षार्थीले परीक्षामा कालो मसि भएको कलम मात्र प्रयोग गर्नु पर्नेछ।

५ आयोगले सूचनाद्धारा निर्धारण गरेको परीक्षा कार्यक्रम अनुसार परीक्षा संचालन हुनेछ । आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन।

६. उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्नपत्रको 'की' उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नु पर्नेछ। नलेखेमा उत्तरपुस्तिका स्वतः रद्ध हुनेछ ।

...................

कृष्णबहादुर बोहरा

उप-सचिव